# सुश्री वन्या झा

होमनाथ सुवेदी

**नव प्रतिभाका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार** - विजयी 'सम्पन्न मुलुक र अन्य कथाहरु' कृतिकी लेखिका सुश्री बन्या झाको परिचय हो ।



नामः सुश्री बन्या झा

पिताः श्री अजेय झा
जन्म दिनः दिसेम्बर १२, १९९०
शिक्षाः ९ कक्षाकी विद्यार्थी
पढ्ने विद्यालयः
Holy Cross School
5th Mile, Tadong,
Sikkim 737102
भाषाः नेपाली, हिन्दी, अंग्रेजी
बानी : अरु साहित्यिक रचनाहरु लेखिरहने आदत ।
मनपर्ने : पढनु, ट्रेकिंग गर्नु , संगीत र नृत्य

ठेगानाः
Ajeya Jha
Sikkim Manipal Institute of Technology
Majhitar, Rangpo 737 132
Sikkim, INDIA
Email: vanyanegia@yahoo.com.in
invinciblelepcha@rediffmail.com

## 'सम्पन्न मुलुक र अन्य कथाहरु'

**नव प्रतिभाका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कार -** विजयी लेखिका श्री बन्या झाको कृति 'सम्पन्न मुलुक र अन्य कथाहरु' को परिचय हो ।




'सम्पन्न मुलुक र अन्य कथाहरु' यो लोक कथाको संगालो हो । यसको प्रकाशन मेन्डेलियन सोसाइटी अफ इण्डियाले सन् २००४ मा गरेको हो । आठै कक्षामा पढ्ने एक सिक्किमेली वालिकाद्वारा लिखित यो नव प्रतिभाको पहिलो प्रकाशनको लागि नमूना कै छ । यसमा १४ वटा पशुपंक्षी संन्धी लोक कथा संकलित छन् । यी कथाहरु वनसंरक्षणको शिक्षाका दृष्टिले अति नै प्रभावकारी छन् ।

श्री बन्या झाको कृति 'सम्पन्न मुलुक र अन्य कथाहरु' को परिचय यो पवनको शुभकामनाबाट पनि हुन्छ ।

Phone : 22575 (Off)
22304 (Res)

Tashiling
Gangtok
Sikkim

*P. K. Chamling*
CHIEF MINISTER OF SIKKIM

# शुभकामना

सुश्री वान्या झाले नेपाली भाषामा लेखेका **सम्पन्न मुलुक र अन्य कथाहरू**-को पाण्डुलिपि पढेर अति प्रशन्नता भयो। स्कूली छात्रा वान्याले यी कथाहरूद्वारा उनीभित्र रहेको विपुल सिर्जन-सम्भावनालाई प्रकट गरेकी छिन्। भाषाको ठेटपना, अभिव्यक्ति शैलीको सहजता, कथात्मक शिल्पकारिता तथा सिर्जनात्मक प्रतिभा उनीभित्र प्रशस्त छ भन्ने कुरा यी कथाहरूले दर्शाएका छन्।

बाल कथाहरूको यो सँगालो विद्यार्थी नानीहरूको निम्ति उपयोगी हुनेछ। कथाहरू सरल र शिक्षादायी छन्। लेखिकाको नाम अनुरूपकै प्रकृति-प्रेम कथाहरूमा झल्किएको छ। प्रकृति र जीवनबीचको साहचर्य वा अन्योन्याश्रिततालाई वान्याले यहाँ संकलित सबै कथाहरूको भावभूमि बनाएकी छिन्।

प्रकृति-प्रेम, प्रकृति संरक्षणको चिन्ता र सर्वोपरीमा मानव वा अन्य प्राणी-जगतको अस्तित्वको निम्ति प्रकृतिको अपरिहार्यतातर्फको सोच कथाहरूमा लछेप्री छन्। यसै दिशामा जागृति ल्याउने वान्याको किशोरी भावनाले कथाको रसास्वादनपछि पनि पाठकहरूलाई एकचोटि गम्भीर भएर सोच्न बाध्य तुल्याउने नै छ।

यी कथाहरूले बाल-मनोविज्ञानमा सकारात्मक प्रभाव पार्नेछन् भन्ने कुरामा म आशावान् छु। नयाँ युगको सापेक्षतामा नयाँ आदर्शहरूको निर्माण गर्न पनि यी कथाहरू सहायक बनून्, निर्णायक बनून्।

अन्त्यमा, वान्याको सिर्जनशीलता हिमाली खोलाहरू झैं निर्मल, निरन्तर बहिरहोस्; भोलि यो समुद्रै बनोस् - हार्दिक शुभकामना छ।

(पवन चामलिङ)